प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका (देउखुरी), दाङ

प.सः ०७८/०७९
च.नं.:

सुचना प्रकाशन मिति : २०७८/०७/०९

**बिषय : मुस्लिम छात्रा लक्षित विद्यालय छात्रावास तथा पुर्वाधार निर्माण कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सुचना ।**

प्रस्तुत बिषयमा यस निर्देशनालयको आ.व.२०७८/०७९ को बार्षिक कार्यक्रम अन्तर्गत मुस्लिम छात्राहरुलाई विद्यालय शिक्षामा मूलप्रवाहीकरण गरी गुणस्तरीय शिक्षा दिने उद्देश्यले मुस्लिम छात्रा लक्षित विद्यालय छात्रावास तथा पुर्वाधार निर्माण गर्ने कार्यक्रम रहेकोले यस प्रदेश अन्तर्गत सञ्चालित मदरसाहरुले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र निम्नानुसारको कागजातहरु सहित कार्यान्वयन योजना समेत सम्लग्न रहेको तपसिल बमोजिमको ढाँचामा प्रस्तावनापत्र तयार गरी सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद पछि प्राप्त हुने निबेदन उपर कुनै कारबाही हुने छैन ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. मदरसा/विद्यालय व्यवस्थापन समिति गठन भएको निर्णयको प्रतिलिपि
२. मदरसा/विद्यालय व्यवस्थापन समितिको प्रस्तावना माग गर्ने निर्णयको प्रतिलिपि
३. सम्बन्धित गाँउ/नगरपालिकाको सिफारिस
४. आ.व. २०७६/०७७ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
५. गत शैक्षिक सत्रको सामाजिक परीक्षण प्रतिवेदनको प्रतिलिपि
६. सम्बन्धित गाँउ/नगरपालिकावाट प्रमाणित भएको २०७८ सालको एकीकृत तथ्याङ्कको विद्यार्थी बिवरण
७. सञ्चालित सबैभन्दा माथिल्लो कक्षाको अनुमतिपत्रको प्रतिलिपि
८. प्रस्तावना पत्र

**शर्तहरु**

१. मदरसा मुस्लिम बहुल इलाकामा रहेको हुनुपर्नेछ
२. मुस्लिम छात्राहरुको बाहुल्यता रहेको हुनुपर्नेछ
३. मदरसा मूलप्रवाहीकरण भएको हुनुपर्नेछ (विद्यालय वा धार्मिक बिद्यालयको रुपमा अनुमति प्राप्त गरेको)
४. मदरसामा नेपाल सरकारले तोकेको पाठ्यक्रम अनुसार पठन/पाठन भए/नभएको स्थानीय तहले प्रमाणित गरेको हुनुपर्नेछ
५. मदरसाको आफ्नै नामको जग्गाधनि लालपुर्जा वा भोगाधिकार रहेको हुनुपर्नेछ

**प्रस्तावको ढाँचा**

१. विद्यालयको संक्षिप्त चिनारी
२. धार्मिक विद्यालयको भौतिक अवस्था
   क) क्षेत्रफल/भवन/कक्षाकोठा र फर्निचर समेत (जग्गाको हकमा विद्यालयको नाममा रहको जग्गाधनी प्रमाणपत्र पेश गर्नुपर्नेछ)
   ख) खेलमैदानः  ग) कम्पाउण्ड वालः  घ) खानेपानीको अवस्थाः
   ङ) शौचालयको अवस्था (छात्र/छात्रा)  च) पुस्तकालयको अवस्था  छ) अन्यः
३. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा विद्यालयमा गठन गरिएका अन्य समितिहरु सम्बन्धी विवरणः

प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय
**शिक्षा तथा सामाजिक विकास निर्देशनालय**
राप्ती उपत्यका (देउखुरी), दाङ

प.सः ०७८/०७९
च.नं.:

४. विद्यार्थी संख्याः कक्षागत (छात्र/छात्रा सहित) सम्बन्धित स्थानीय तहको शिक्षा शाखाबाट प्रमाणित हुनुपर्नेछ।

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ......... | | | |
| जम्मा | | | |

५. शिक्षक विवरणः
(तहगत,स्वीकृत दरबन्दी, राहत, अनुदान, निजी श्रोतका सबै शिक्षकको विवरण शैक्षिक योग्यता सहित)

६. कक्षा सञ्चालन गर्ने अनुमति पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।

७. गत विगत आ.व. मा प्रदेश सरकारबाट उपलब्ध अनुदान

| आ.व. | उपलब्ध गराइएको रकम | सम्पन्न भएको काम | कैफियत |
|---|---|---|---|
| २०७५।७६ | | | |
| २०७६।७७ | | | |
| २०७७।७८ | | | |

८. प्रस्तावनाको उद्देश्यः
९. प्रस्तावित कार्यक्रमः
१०. अनुमानित लागतः
११. स्रोत व्यवस्थापनः
१२. कार्यान्वयन योजनाः
१३. अपेक्षित नतजाः
१४. निष्कर्षः

( मनोज कुमार गैरे )
नि. निर्देशक

नि. निर्देशक